सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १३७ ♦ २०८२ साल माघ ६ मंगलवार ♦ २० Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# रास्वपाको ब्रान्डिङ : 'अबकी बार बालेन सरकार'



सागर चन्द

बालेन शाहलाई मधेशमा 'लन्च' गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जनकपुरधामबाट चुनावी यात्राको सुरुवात गरेको छ। करिब चार वर्षअगाडि काठमाडौं महानगरको मेयर निर्वाचित भएपछि बालेन सोमबार पहिलोपटक राजनीतिक कार्यक्रममा देखिए ।

आँखामा कालो चस्मा, काँधमा राष्ट्रिय झण्डा भिरेर 'हामी आयौं' भन्दै रास्वपा सभापति रवि लामिछानेसँगै मञ्चमा उक्लिएका बालेनले जनकपुरबाट आफू पहिलो मधेशी प्रधानमन्त्री बन्ने दौडमा निस्केको सन्देश दिएका छन् ।

रास्वपाले बालेन बालेनलाई पहिलो मधेशी प्रधानमन्त्रीका रूपमा ब्रान्डिङ गर्न खोजेको छ । यही कारण रास्वपाको मञ्चमा उक्लिएका सबै नेताले 'अबकी बार बालेन सरकार' भन्न छुटाएनन् । लामिछाने, स्वर्णिम वाग्ले, सोविता गौतम, मनिष झा र पुराना कांग्रेसी नेता तथा रास्वपामा नवप्रवेशी अमेरश सिंह लगायतका नेताले 'अबकी बार बालेन सरकार' भन्ने नारा बारम्बार दोहोर्‍याए ।

बालेनलाई हेर्न आएका जनताले त झन् कार्यक्रम सुरु भएदेखि समाप्त भइसकक्दासम्म 'अबकी बार बालेन सरकार' र 'बालेन, बालेन' भन्दै नारा लगाइरहे । रवि लामिछानेले भाषण गरिरहँदा पनि जनताले भने 'बालेन, बालेन'को नारा लगाइरहे ।

रास्वपाको जनकपुर कार्यक्रममा मञ्चमा कसैका लागि पनि कुर्सी थिएन । सबै जना भूइँमा पलेटी कसेर बसेका थिए । कार्यक्रममा जति जनाले सम्बोधन गरे ती सबैले मधेशका छोराको हातमा देशको बागडोर दिनुपर्छ । अब देश मधेशका छोराले चलाउनुपर्छ भन्दै बालेन र मधेशको साइनो स्थापित गर्ने प्रयास गरे ।

बालेनको ब्रान्डिङसँगै रास्वपाले मधेशमा पनि आफ्नो प्रभाव विस्तार गर्न खोजिरहेको छ । २०७९ को चुनाव को केही महिनाअघि मात्र दलको रूपमा उदाएको रास्वपाले उक्त निर्वाचनमा मधेश प्रदेशबाट १ लाख ७ हजार मत पाएको थियो । बालेनलाई प्रधानमत्रीको रूपमाअगाडि सारेर रास्वपाले उनको लोकप्रियता भजाउन खोजेको त छ नै, मधेशका मतदातालाई आफ्नो पक्षमा पार्न र आफू मधेशको पक्षमा छु भनेर देखाउन पनि खोजेको छ ।

*बाँकी पृष्ठ २ मा*



जनकपुरधाम -१४, मुजेलिया
सम्पर्क : ९८०१६७०२४५

Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.



EURO DYNAMICS INTERNATION PVT. LTD.
Bardibas, Mahottari (Sindhuli Road)
Cont. +9779844311010, 9844025184
Email- infoeurodynamicsinternational@gmail.com

# रास्वपाको ब्रान्डिङ........



बालेनलाई 'मधेशपुत्र', 'मधेशी मुलको पहिलो प्रधानमन्त्री'का रूपमा प्रचार गरिरहेको छ, र रास्वपाले ।

मधेशमा आफ्नो प्रभाव विस्तार गर्न भनेरै रास्वपाले आफ्नो चुनावी अभियान जनकपुरबाट सुरु गरेको बुझ्न गाह्रो छैन । मधेशमा बालेनलाई 'लन्च' गर्नका लागि रास्वपाले बलिदानी दिवसको छेको पाऱ्यो ।

१९ वर्षअगाडि २०६३ मा भएको मधेश आन्दोलनमा मारिएका शहीदको सम्झनामा मधेशले बलिदान दिवस मनाउँदै आएको छ । मधेशको यही 'सेन्टिमेन्ट क्यास' गर्न भनेर मधेश आन्दोलनका शहीद रमेश महतोको सालिकमा माला लगाउन पुगे ।

मधेशमा बालेन बालेनको क्रेज देखेपछि रास्वपा सभापति पनि खुसी नै देखिए । अघिल्लो चुनावमा मधेशमा आफूहरूले समय दिन नपाए पनि यसपटक भने रास्वपाको मधेशमा बलियो उपस्थिति देखिने दाबी गर्दै रवि लामिछानेले भने, 'देर आए दुरुस्त आए' भने जसरी मधेशमा आएका छौं ।'

मधेश पुगेको रास्वपाले संघीयताबारे मधेशलाई चिढ्याउन चाहेन । रास्वपाले आफू संघीयताकै पक्षमा रहेको सन्देश पनि दियो । रास्वपा उपसभापति स्वर्णिम वाग्लेले आफ्नो पार्टी संघीयता र प्रदेश सरकारलाई बलियो बनाउने पक्षमा रहेको दाबी गर्दै संघीयताबारे मधेशलाई विश्वस्त तुल्याउन खोजे ।


रास्वपाका 'प्रोजेक्टेड' प्रधानमन्त्री बालेनले पनि मैथली भाषामा सम्बोधन गर्दै आफू 'मधेशकै पुत्र' भएको सन्देश दिए । संघीयताबारे वाग्लेभन्दा एक कदम अगाडि सरेर उनले भने, 'काठमाडौं अधिकार माग्न जाने होइन, पशुपतिनाथ, स्वयंभू घुम्न जाने हो ।' अबदेखि प्रमुख प्रशासकीय अधिकृत माग्न काठमाडौं होइन, मधेश प्रदेशको राजधानी जनकपुर आउनुपर्छ भन्दै बालेनले प्रदेश सरकार बलियो बनाउने पक्षमा आफू रहेको सन्देश दिए ।

नेपाली कांग्रेसबाट स्वतन्त्र हुँदै रास्वपा छिरेका अमरेश सिंह जनकपुरमा बालेन शाहका 'गाइड' जसरी प्रस्तुत भए । आफूलाई बालेन र रविको सिपाही घोषणा गर्दै अमरेशले त 'बालेन शाह प्रधानमन्त्री नभए आत्मदाह' गर्ने घोषणा नै गरि दिए ।

बालेन पनि के कम, उनले त झन् आफूलाई काम गर्ने ठाउँ (प्रधानमन्त्री) मा पुऱ्याएमा देशभर समाजवाद लागु गर्ने दाबी गरे । काठमाडौं महानगरमा बर्सेनि २० हजार विद्यार्थीर्लाइ छात्रवृत्ति दिएर महँगा विद्यालयमा पढाएको, अस्पतालमा १० प्रतिशत छुट दिलाएर समाजवाद लागू गरेको दाबी थियो, बालेनको । तर, निजी विद्यालयले १० प्रतिशत छात्रवृत्ति दिनुपर्ने संघीय कानुनकै व्यवस्था हो । यो कानुन कार्यान्वयनलाई उनले महानगरअन्तर्गत ल्याएर यसलाई महानगरबाट गराएको जस्तो प्रचार गरे । अस्पतालले गरिबका लागि बेड छुट्याउनुपर्ने व्यवस्था पनि संघीय कानुनकै हो। यसमा पनि उनले महानगरले गरेजस्तो जस लिने अन्य नेताहरूकै शैलीमा प्रयास गरे । यस्तै समाजवाद अब सातवटै प्रदेश र ७५३ वटै स्थानीय तहमा पुऱ्याउन चाहेको सपना पनि सुनाए, बालेनले ।

'मधेशको छोरा पनि प्रधानमन्त्री बन्न सक्छ, मधेशी पनि प्रधानमन्त्री बन्न सक्छ' भनेर काठमाडौंमा जन्मिएका र हुर्किएका ३५ वर्षीय बालेनले आफ्नो पहिचानमा मधेश जोडे । मधेशबाट ब्रान्डिङ गरिए पनि बालेन चुनाव लड्न भने पूर्वी नेपालको झापा-५ जाँदै छन्, जहाँ उनको प्रतिस्पर्धा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग हुनेछ ।-नेपालभ्युज

# आज देशभर उम्मेदवारी दर्ता




**खबर दर्पण समाचारदाता**

**माघ ५ गते, बर्दिवास**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ आज देशभर उम्मेदवारी दर्ता हुँदैछ। निर्वाचन आयोगले देशभरका १६५ वटै निर्वाचन क्षेत्रका निर्वाचन कार्यालयमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारी दर्ता हुन लागेको जनाएको हो।

उम्मेदवारले मनोनयनका लागि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि अनिवार्य रूपमा लिएर उपस्थित हुनुपर्नेछ । त्यस्तै, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा पनि जरुरी पनि छ ।

आयोगले उम्मेदवारी दर्ता गर्न जाँदा कुनै पनि तडकभडक नगर्न, शान्तपूर्वक र मर्यादित भएर निर्वाचन कार्यालय पुग्न सबै राजनीतिक दल तथा सम्बद्ध उम्मेदवारहरूलाई आग्रह गरेको छ ।

आयोगले प्रमुख राजनीतिक दल तथा उम्मेदवारलाई उम्मेदवारी दर्ताको समयसमेत निर्धारण गरेको छ । भीडभाड कम गराउने र उम्मेदवारी दर्ता सहज बनाउने उद्देश्यले समय निर्धारण गरिएको आयोगले प्रष्ट पारेको छ ।

आयोगले यसअघि समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको अन्तिम सूची सार्वजनिक गरिसकेको छ। कूल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना चयन हुनेछन् भने प्रत्यक्ष प्रणालीमार्फत १६५ निर्वाचित हुने व्यवस्था छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि निर्वाचन प्रयोजनका लागि गठन भएको अन्तरिम सरकारले निर्वाचनका लागि आवश्यक साधन र स्रोत उपलब्ध गराएको छ। निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहरी छनोटको प्रक्रिया सुरु गरिसकेको छ। अधिकांश राजनीतिक दलले उम्मेदवार छनोट गरिसकेका छन् भने छनोट गर्न बाँकी भएकाले पनि आज बिहानसम्म सबै सक्ने छन् ।

नेपाली कांग्रेसले केही क्षेत्रका उम्मेदवार छनोटको प्रक्रियामा रहेको जनाएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सबै निर्वाचन क्षेत्रमा उम्मेदवार छनोट गरिसकेको जनाएको छ । एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतले उम्मेदवार छनोट गरी उम्मेदवारलाई आधिकारिक पत्र प्रदान गरिसकेका छन् । आयोगले आवश्यक सबै तयारी पूरा भएको जनाएको छ ।

मंगलवार उत्साहपूर्वक रूपमा देशभर उम्मेदवार मनोनयनको कार्यक्रम अगाडि बढ्ने विश्वास व्यक्त गरेको छ । विसं २०७९ मा भएको प्रतिनिधिसभा गत भदौको आन्दोलनका कारण विघटन भएपछि नयाँ निर्वाचन हुन लागेको हो ।

## मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

## सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् !

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कांग्रेसले टुंग्यायो १ सय ४६ सीटमा उम्मेदवार



**खबर दर्पण समाचारदाता**
**माघ ५ गते, बर्दिवास**

नेपाली कांग्रेसले अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवारको टुंगो लगाएको छ।

कांग्रेस संसदीय बोर्डले १४६ निर्वाचन क्षेत्रको उम्मेदवारल टुंग्याएको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए।

कांग्रेसले उम्मेदवार चयन गर्दा २०७९ को निर्वाचित सांसदलाई प्राथमिकता दिएको छ।

यस्तै एमाले विजयी भएको र तत्कालीन गठबन्धनलाई छोडिएका अधिकांश ठाउँको टिकट वितरण गरि सकेको छ।

'छलफलमा सहमतिमै उम्मेदवारी टुंग्याउने कुरा भएको हो। केही सीटमा पुनरोवलोकन गर्नु पर्ने भएको छ। केही क्षेत्रको सीट होल्ड भएको छ। केही निर्णय हुन बाकीँ छ,' उनले नेपालखबरलाई भने, 'टाढाका साथीहरु टिकट लिएर हिड्नु भएको छ। ट्रान्सपोटेसनले भ्याउने ठाउँको टिकट वितरण भएको छैन।'

धनकुटा - दिनेश राई
पाँचथर - नरेन्द्र केरुङ
ताप्लेजुङ - गजेन्द्र तुम्याहाङ
तेह्रथुम - सन्तोष सुब्बा
इलाम १ - निष्कल राई
इलाम - २ भेषराज आचार्य
उदयपुर १ - विदुर बस्नेत
उदयपुर २ - रामकुमार राई
मोरङ ३ - सुनिल शर्मा
खोटाङ - वीरकाजी राई
ओखलढुंगा - रामहरि खतिवडा
सोलुखुम्बु - प्रकाश कार्की
पाल्पा १ - सन्दिप राना
पाल्पा २ - हिमालदत्त श्रेष्ठ
गोरखा १ - प्रेम खत्री
खोरखा २ - प्रकाश दवाडी
मनाङ - टेकबहादुर गुरुङ
मुस्ताङ - योगेन्द्र गौचन
बाग्लुङ २ - टेकराज पौडेल
म्याग्दी - केबी भण्डारी
रोल्पा - डा। सुदनकुमार वली
दाङ १ - योगेन्द्र चौधरी
दाङ २ -किशोर घिमिरे
दाङ ३ होल्ड
पूर्वरुकुम - कुसुम थापा मगर
प्यूठान -डा। गोविन्दराज पोखरेल
दैलेख- १ दिक्पाल शाही
दैलेख- २ बासना थापा
कालिकोट - हर्षबहादुर बम
डोल्पा - कर्णबहादुर शाही
जुम्ला - दीप बहादुर शाही
हुम्ला - जयपति रोकाय
मुगु - ऐनबहादुर शाही
सल्यान - केशव विष्ट
अछाम १ - भरत स्वाँर
अछाम २ - पुष्प शाह
बाजुरा - जनक गिरी
बैतडी - चतुरबहादुर चन्द
डोटी - भरतबहादुर खड्का
ललितपुर १ - उदयशम्शेर राणा
काठमाडौं -६ सबुज बानियाँ
पर्वत - अर्जुन जोशी
तनहुँ १ - गोविन्द भट्टराई
तनहुँ २ - शंकर भण्डारी
पाल्पा १ -
पाल्पा २ - हिमाल श्रेष्ठ
गल्मी १ -चन्द्र भण्डारी
गुल्मी २ - भुवन श्रेष्ठ
कञ्चनपुर -२ एनपी साउद
कञ्चनपुर १ - गोपी उपाध्याय
कञ्चनपुर ३ होल्ड
कैलाली १ -जनकराज चौधरी
कैलाली २ - विजय स्वार
कैलाली ३ - भरत बडुवाल
कैलाली ४ - वीरबहादुर बलायर
कैलाली ५ - नरनारायाण शाह
दार्चुला - धर्मानन्द जोशी
डडेलधुरा - होल्ड
बझाङ - प्रकाश स्नेही
बारा ३ - फरमुल्लाह मन्सुर
धनुषा १ - मुक्ता कुमारी यादव
धनुषा २ - दिनेश प्रसैला
धनुषा ३ - विमलेन्द्र निधि
धनुषा ४ - महेन्द्र यादव
ललितपुर-१ उदय शमशेर राणा
नुवाकोट १ - डा। प्रकाशशरण महत
नुवाकोट २ - जगदिश्वरनरसिंश केसी
काभ्रे २ - मधु आचार्य
दोलखा - अजयबाबु सिवाकोटी
सुर्खेत २ - नारायण कोइराला
सुर्खेत १ -होल्ड
भोजपुर - बालकृष्ण थापा
लमजुङ - गमप्रसाद गुरुङ
स्याङजा १ - भरत ढकाल
स्याङजा २ -भागवतप्रकाश मल्ल
बागलुङ १ - भिम शिरिष
बागलुङ २ - टेकराज पौडेल
रुपन्देही २ - चुन्नुप्रसाद पौडेल
रुपन्देही ३ - सुशील गुरुङ
नवलपरासी १ - विनोद चौधरी
नवलपरासी २ - देवेन्द्र कँडेल
सुनसरी ३ - विजय गच्छदार
सुनसरी ४ -ज्ञानेन्द्रबहादुर कार्की
सप्तरी १ - रामदेव साह
सप्तरी २ रामकुमार यादव
सप्तरी ३ दिनेश यादव
सप्तरी ४ तेजुलाल चौधरी
सिन्धुली १ - उज्जव बराल
सिरहा १ - रामसुन्दर चौधरी
पर्वत - अर्जुन जोशी
महोत्तरी- १ श्री मुकेश काफ्ले
महोत्तरी- २ श्रीमती किरण यादव
महोत्तरी- ३ श्री बजरंग नेपाली
महोत्तरी- ४ श्री महेन्द्र कुमार राय

# मधेसकेन्द्रित दलको मुख्य चुनौती नै रास्वपा !

**खबर दर्पण समाचारदाता**
**माघ ५ गते, बर्दिवास**

मधेसकेन्द्रित दल सम्मिलित संघीय लोकतान्त्रिक मोर्चा सिट बाँडफाँडको तयारीमा छ । हाल चार दल रहेको मोर्चाले विगतको प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीको सामना गर्दै आइरहेका थिए, तर यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि उसका लागि अर्को चुनौती थपिएको छ । मधेसमा रास्वपाले 'घण्टी बजाइरहेछ', जुन मधेसवादी दलका लागि खतराको ध्वनि हो । जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नेपाल सद्भावना पार्टीलगायत दलको आधारक्षेत्र भनेकै मधेस प्रदेश मात्र हो । नागरिक उन्मुक्ति पार्टी (नाउपा) भने नेपालको पश्चिमी क्षेत्रमा बलियो मानिन्छ । आजभोलि लोकतान्त्रिक मोर्चाको बैठकमा रास्वपाबारे चर्चा हुन थालेको छ । आगामी दिनमा मधेसमा रास्वपाले के गर्ला ? कति सिट जित्ला ? उसको कारण हाम्रो अवस्था के होला ? बैठकमा यस्तै यस्तै कुराकानी हुने गरेको छ, जसको कारण अन्य पुराना ठुलाजस्तै मधेसकेन्द्रित दलहरू पनि कतै रक्षात्मक अवस्थामा त पुगेका छैनन् ? प्रश्न उठ्न थालेको छ ।

जेनजी आन्दोलनपछि रास्वपाको माहौल हेर्दा ऊ थप शक्तिशाली हुँदै गएको देखिन्छ, पार्टीका गतिविधिहरू बढेका छन्, त्यसमाथि सभापति रवि लामिछाने हिरासत मुक्त भएसँगै र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहलाई पार्टीमा भित्र्याएसँगै देशमा एकखाले 'रास्वपा लहर' चलेको छ । अधिकांश जेनजी पुस्ताका नेताहरू रास्वपा प्रवेश गरिरहेका छन्, अन्य ठुला दलहरू त्यागेर रास्वपा प्रवेश गर्ने केन्द्रीयस्तरका नेताहरू पनि बढ्न थालेका छन् ।

**रास्वपा नै मुख्य प्रतिस्पर्धी**

रास्वपाको यो लहर र चर्चाले मधेसमा पनि मुख्य प्रतिस्पर्धी दल रास्वपा नै देखिएको छ । लोकतान्त्रिक मोर्चाले पनि फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा एमाले, कांग्रेस, नेकपाभन्दा रास्वपासँग नै प्रतिस्पर्धा हुने निष्कर्ष निकालेको छ ।

जेनजी आन्दोलनपछि त्यो सम्भावना झन् बढेको एक नेता नै स्विकार्छन् । जसपा नेपालका एक नेता भन्छन्, 'विगतभन्दा यसपालि मधेसमा हाम्रो स्थिति राम्रो बन्दै गइरहेको थियो, तर जेनजी आन्दोलनपछि अलिकति चुनौती थपिदिएको छ ।' घण्टीको हल्ला अलि बढी नै रहेकोले प्रतिस्पर्धा रास्वपासँग नै हुने अवस्था सिर्जना भएको उनले बताए ।

गत प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेस पहिलो हुँदा एमाले दोस्रो, तेस्रो स्थानमा नेकपा माओवादी केन्द्र थियो । अर्थात्, मधेसवादी दलहरूको मुख्य प्रतिस्पर्धा ठुला दलहरूसँग थियो । मधेस प्रदेशमा पहिलो दल एमाले, त्यसपछि कांग्रेस बनेको थियो, त्यसपछि मधेसवादी दलहरूकै शक्ति थियो । यसअर्थमा बुझ्न सकिन्छ, मधेसवादी दलहरूको मुख्य प्रतिस्पर्धा ठुला दलहरूसँगै भएका थिए, तर यसपटक रास्वपालाई उनीहरूले प्रमुख प्रतिस्पर्धी मानेका छन् ।

तर राष्ट्रिय मुक्ति पार्टीका उपाध्यक्ष कौशलकुमार सिंह भने यसपालिको चुनावमा पनि अघिल्लो निर्वाचनबाट ठुला भएका दलहरूसँग नै आफूहरूको प्रतिस्पर्धा रहने बताउँछन् । 'रास्वपाको हल्ला बढी छ, चर्चा हुन्छ, तर त्यो दलका उम्मेदवार पनि छैनन्, संगठन पनि छैन अनि कसरी कहाँबाट चुनावमा प्रतिस्पर्धा हुन्छ ?' रास्वपालाई कम आँक्दै उनले भने ।

हल्ला र चर्चाले केही सिट जित्न सकिए पनि प्रतिस्पर्धा गर्नेगरी रास्वपा आउन नसक्ने उनको ठहर छ । 'यसअघिको निर्वाचनमा पनि रास्वपाको चर्चा थियो, तर मधेसमा एउटा पनि सिट ल्याउन सकेन, न त प्रतिस्पर्धामा नै थियो,' उनी भन्छन्, 'तर यसपटक अवस्था अलि फेरिएकाले केही सिट ल्याउन सक्ला, तर मुख्य प्रतिस्पर्धा उनीहरूसँग हुँदैन ।'

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा मधेसको भूगोलमा रास्वपा कमजोर नै देखिएको थियो । मधेसका ३२ निर्वाचन क्षेत्रमा उसका कुनै पनि उम्मेदवार निकटतम प्रतिस्पर्धीसम्म हुन सकेका थिएनन्, यद्यपि केही निर्वाचन क्षेत्रबाट उल्लेख्य रूपमा समानुपातिक मत भने बटुलेको थियो । धेरै उम्मेदवारहरूको जमानत नै जफत भएको थियो । मधेस प्रदेशमा रहेका कुल मतदाताअनुसार हिसाब गर्दा रास्वपाले २०७९ मा ल्याएको मत एक प्रतिशतभन्दा कम थियो । मधेस प्रदेशमा रहेका ३३ लाख ८६ हजार ६२८ मतदातामध्ये रास्वपाले ३२ हजार ५३७ मत मात्र पाएको थियो । समानुपातिकमा भने एक लाख सात हजार ८४ मत ल्याएको थियो, यद्यपि अन्य क्षेत्र र प्रदेशसँग तुलना गर्दा यो सन्तोषजनक मत भने होइन ।

सप्तरीमा चारवटै क्षेत्रमा उम्मेदवारी दिएको रास्वपाले त्यहाँ दुई हजार ७४ मत मात्र ल्याएको थियो । क्षेत्र नम्बर ४ मा मो. इरफान आलम दसौं स्थानमा थिए भने क्षेत्र नम्बर १ र ३ मा क्रमशः निरञ्जनप्रसाद कुशवाहा र प्रमोदकुमार साह नवौं स्थानमा थिए । सप्तरी २ मा बरुणकुमार झाले २८१ मत ल्याएर चौथो स्थानमा सीमित भएका थिए ।

सिरहामा दुई हजार ४५० मत ल्याएको रास्वपाले क्षेत्र नम्बर १ मा रामकुमार यादव छैटौं स्थानमा थिए, क्षेत्र नम्बर ३ का दीपकुमार साह पाँचौं स्थानमा र क्षेत्र नम्बर ४ का विमलकुमार तिवारी चौथो स्थानमा थिए ।

रास्वपाले धनुषाको चारवटै क्षेत्रमा उम्मेदवारी दिए पनि त्यहाँ पनि दुई हजार १६४ मतमा सीमित भएको थियो । धनुषा-२ मा चन्द्रशेखरकुमार यादव २४६ मत ल्याएर आठौं स्थानमा सीमित भएका थिए भने धनुषा-१ र ४ मा क्रमशः धर्मेन्द्रकुमार राय र सञ्जयकुमार यादव पाँचौं स्थानमा सीमित थिए । धनुषा-३ मा रञ्जित पञ्जियारले ४३३ मत ल्याएर छैटौं स्थानमा चित्त बुझाएका थिए ।

महोत्तरी, जुन मेयर बालेन साहको जन्मघर हो, त्यहाँबाट रास्वपाले मात्र दुई हजार ४२४ मत ल्याएको थियो । त्यहाँ दुई वटा क्षेत्रमा मात्र रास्वपाले उम्मेदवारी दिएको थियो । त्यसमा महोत्तरी-१ मा खेमकुमारी भुर्तेलले दुई हजार ६४ मत ल्याएर पाँचौं स्थानमा सीमित भएकी थिइन् । क्षेत्र नम्बर २ का पवनकुमार झाले त ३६० मत मात्र ल्याएका थिए ।

रास्वपाले सर्लाहीबाट भने सात हजार ७०४ मत प्राप्त गरेको थियो । त्यहाँ रास्वपाले चारवटै क्षेत्रमा उम्मेदवार उठाएको थियो । क्षेत्र नम्बर १ बाट रामदुलार महतो तीन हजार २५३ मत ल्याएर पाँचौं स्थानमा सीमित भएका थिए । क्षेत्र नम्बर २ का जयकरण महतोले ५७९ मत ल्याएर आठौं स्थानमा, क्षेत्र नम्बर ३ बाट पञ्चबहादुर स्याङ्तानले सबैभन्दा बढी तीन हजार ५६६ मत ल्याएर चौथो र क्षेत्र नम्बर ४ बाट धीरजकुमारले ३०६ मत ल्याएर नवौं स्थानमा सीमित भएका थिए ।

त्यस्तै, रास्वपाले रौतहटमा तीन वटा क्षेत्रमा उम्मेदवारी दिएर तीन हजार ४५ मत प्राप्त गरेको थियो । त्यसमध्ये क्षेत्र नम्बर १ का सूर्यदेवप्रसाद कोइरालाले १६३ मत ल्याएर दसौं स्थानमा पुगेका थिए ।

क्षेत्र नम्बर ३ मा नवीनप्रसाद चौरसियाले एक हजार ६ मत र क्षेत्र नम्बर ४ मा राजनारायण साहले एक हजार ८७६ मत ल्याएर पाँचौं स्थानमा सीमित भएका थिए ।

मधेस प्रदेशका आठ जिल्लामध्ये रास्वपाले सबैभन्दा बढी मत बाराबाट (१० हजार ७८२) मत ल्याएको थियो, जसमध्ये क्षेत्र नम्बर १ मा गणेश धितालले तीन हजार ३१९ मत ल्याएर तेस्रो स्थानमा आएका थिए । क्षेत्र नम्बर ३ मा सुरेन्द्र शर्माले तीन हजार ५७९ मत र क्षेत्र नम्बर ४ मा पवन चौधरीले तीन हजार ८८४ मत ल्याएर दुवै जना चौथो स्थानमा सीमित थिए ।

रास्वपा सबैभन्दा कमजोर पर्सामा देखिएको थियो । रास्वपाले त्यहाँ दुई वटा क्षेत्रमा मात्र उम्मेदवारी दिएको थियो, जसबाट एक हजार ८९४ मत ल्याएको थियो । क्षेत्र नम्बर २ मा उम्मेदवारी दिएका दीपराज पटेलले ९७१ मत ल्याएर चौथो र क्षेत्र नम्बर ३ मा उम्मेदवारी दिएका अशोक कँडेलले ९२३ मत ल्याएर पाँचौं स्थानमा सीमित भएका थिए ।

अर्थात् विगतको निर्वाचन केलाउँदा रास्वपा मधेसवादी दलहरूसँग कतै पनि प्रतिस्पर्धामा देखिँदैन । तर जेनजी आन्दोलन र त्यसपछिको अवस्थाले मधेसकेन्द्रित मात्र नभई समग्र देशमै रास्वपा मुख्य प्रतिस्पर्धी बन्ने देखिएको छ, यसकै कारण पनि हुन सक्छ मधेसवादी दलहरू पनि एकीकृत भइरहेका छन् ।

# महोत्तरीका ४ क्षेत्रमा कांग्रेसले टुंग्यायो उम्मेदवार






**खबर दर्पण समाचारदाता**
**माघ ५ गते, बर्दिवास**

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली कांग्रेसले महोत्तरीको चारवटा निर्वाचन क्षेत्रमध्ये तीनवटामा उम्मेदवार टुंग्याएको छ ।

सोमबार बसेको संसदीय बोर्डको बैठकले महोत्तरीको क्षेत्र नम्बर १, २ र ३ का लागि उम्मेदवार तय गरेको हो । ४ नम्बर निर्वाचन क्षेत्रमा महेन्द्र राय यादव उम्मेदवार तय भए पनि आधिकारीक टिकट पाउन बाकी रहेको महोत्तरी कांग्रेसका सभापति नागेश्वर यादवले जानकारी दिए ।

कांग्रेसले महोत्तरी क्षेत्र नम्बर १ का लागि डा. मुकेशराज काफ्लेलाई टिकट दिएको छ । क्षेत्र नम्बर २ मा किरण यादव र क्षेत्र नम्बर ३ मा बजरङ्ग नेपालीले टिकट पाएका छन् ।

'१, २ र ३ नम्बर क्षेत्रमा मनोनयन दर्ताका लागि उम्मेदवारहरूले टिकट पाइसक्नुभएको छ । क्षेत्र नं ४ मा आधिकारिक रूपमा जानकारी प्राप्त भइसकेको छैन,' सभापति यादवले भने ।

२०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले क्षेत्र नं ४ मा मात्रै उम्मेदवार उठाएको थियो । उक्त क्षेत्रमा तत्कालीन पाँच दलीय गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका महेन्द्रकुमार राय उम्मेदवार बनेका थिए ।

उनी जनता समाजवादी पार्टी नेपालका डा. सुरेन्द्रकुमार यादवलाई ४ हजार ११७ मतान्तरले पराजित गर्दै विजयी भएका थिए ।

कांग्रेसले क्षेत्र नं १ मा तत्कालीन नेकपा माओवादी केन्द्रका उम्मेदवार गिरिराजमणि पोखरेल, क्षेत्र नं २ मा लोकतान्त्रिक समाजवादी पार्टीका शरतसिंह भण्डारी र क्षेत्र नं ३ मा लोकतान्त्रिक समाजवादी पार्टीका महन्त ठाकुरलाई सघाएको थियो ।

यसपटक कांग्रेसले चारवटै निवार्चन क्षेत्रमा उम्मेदवारी दिने पार्टीका जिल्ला सभापति यादवले बताए ।

# बालेनले झापा-५ को टिकट जनकपुरमा लिए



**खबर दर्पण समाचारदाता**
**माघ ५ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले झापा-५ को प्रतिनिधिसभा निर्वाचनको उम्मेदवारको टिकट लिएका छन् ।

उनले पार्टी सभापति रवि लामिछानेमार्फत जनकपुरमा टिकट लिएका हुन् । लामिछाने र बालेन दुवै पार्टीको सभाका लागि जनकपुर पुगेका थिए ।

# मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सिंहद्वारा राजीनामा

**खबर दर्पण समाचारदाता**
**माघ ५ गते, बर्दिवास**

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिनु भएको छ ।

जनकपुरधामस्थित मधेश प्रदेशसभा कार्यालयमा प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पूर्वमुख्यमन्त्री सिंहले राजीनामा पत्र बुझाउनु भएको हो ।

मधेश प्रदेशसभाको प्रदेशसभा सचिवालयमा पेस गरिएको राजीनामा पत्रमा उहाँले नेपालको संविधान २०७२ को धारा १८० (क) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८४ (१) बमोजिम प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको उल्लेख गर्नु भएको छ ।

जनमत पार्टीबाट सप्तरीको प्रदेशसभा निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित सिंहले आजैदेखि लागु हुने गरी राजीनामा दिनु भएको हो ।




# बोलपत्र आहवानको सुचना

**प्रथम प्रकाशन मिति : २०८२/१०/०६**

संयुक्त राष्ट्रिय खाद्य तथा कृषि संगठन(ब्इ)को सहयोगमा भाटिघारी सामुदायिक वन उपभोक्ता समुहले कृषि सहज कार्यक्रम अनतर्गत कृषि वन उपज प्रसोधन केन्द्र स्थापनाको लागि तपशिल अनुसारको भवन निमार्ण तथा उपकरण खरिद गर्न यो बोलपत्र आव्हानको सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र बोलपत्र प्रस्ताव फारम पेश गरिसक्नु पर्नेछ । उक्त प्रस्तावकले निवेदन आवश्यक कागजात सहित समुहको कार्यालय तथा उल्लेखित इ(मेलमा पेश गर्न सकिनेछ ।
यस सुचनाको पुर्ण विवरण एवं जानकारीको लागि तलको ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

भवनको लागि

| क्र.सं. | विवरण | लागत मुल्य | कैफियत |
|---|---|---|---|
| १ | २७ फि.* ६० फि.को तिन कोठे भवन (ट्रस् सहित तयारी, नक्सा तथा इस्टमेट बमोजिम सम्पन्न गर्नु पर्ने) | २२,५१,४८३ | |

उपकरणको लागि

| क्र.सं. | विवरण | लागत मुल्य | कैफियत |
|---|---|---|---|
| १ | सोलार ड्रायर | ३५०००० | |
| २ | वासिङ्ग मेसिन (अदुवा बेसार) | ४५०००० | |
| ३ | प्याकेजिङ्ग मेसिन | ५००००० | |
| ४ | ग्राइन्डर | ४५०००० | |
| ५ | कटिङ्ग मेसिन | ५००००० | |

भाटिघारी सामुदायिक वन उपभोक्ता समुह
मिथिला नगरपालिका वडा नं ४, पुष्पवलपुर, धनुषा
सम्पर्क नं : 9842948738
ईमेल : bhatigharicf@gmail.com


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,